प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

कोशी प्रदेश
स्थापना वर्ष २०८०

## घर भाडामा लिने सम्बन्धी १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८२/०१/०८**

यस मन्त्रालयका कर्मचारीहरुको आवास प्रयोजनको लागि तपसिल बमोजिमको मापदण्डभित्रको घर भाडामा लिनु पर्ने हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा कार्यालय समयभित्र आइपुग्ने गरी आफुले दिन चाहेको घर वा कोठाको मासिक बहाल दर रेट खुलाई रीतपूर्वकको निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. भाडा लिनुपर्ने घर विराटनगर महानगरपालिका क्षेत्रभित्र यस मन्त्रालयबाट करिब ५ किलोमिटरको दुरीभित्र अवस्थित हुनुपर्ने ।
२. चारैतिर पक्की कम्पाउण्ड वाल भएको हुनुपर्ने ।
३. घरमा विद्युत्त, धारा, किचन, पानी, शौचालयको सुविधा भएको हुनुपर्ने ।
४. कम्तिमा ४ कोठा घर बहालमा दिनु पर्ने ।
५. कम्तिमा एउटा चार पांग्रे र चार वटा दुई पांग्रे सवारी साधन पार्किङको सुविधा भएको हुनुपर्ने। घरसम्मको पहुँच मार्ग पिच भएको हुनुपर्ने ।
६. घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, स्वीकृत घर नक्सा तथा निर्माण सम्पन्नको प्रमाणपत्रको प्रतिलिपि, घरजग्गाको लाग्ने हालसम्मको सबै किसिमको कर र दस्तुर तथा पानी, बिजुलीको महसुल चुक्ता गरेको प्रमाणको प्रतिलिपिसहित निवेदन पेश गर्नुपर्नेछ ।
७. आफूले भाडामा दिन चाहेको घरजग्गा के कति भाडा दरमा दिन सकिने हो ? घर बहाल कर सहित मासिक रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
८. नियमानुसारको घरबहाल कर घरधनी स्वयंले तिर्नु पर्नेछ ।
९. घर भाडामा लिने वा नलिने भन्ने अधिकार यस मन्त्रालयमा निहित हुनेछ ।
१०. तोकिएको म्याद भित्र पेश हुन नआएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।
११. अन्य कुराहरु सम्झौता बमोजिम हुनेछ।

२०८२/०१/०८
शा. अ.

सुजाता राई
शाखा अधिकृत (सातौं)

फोन नं. : ०२१-४७४४३० | ईमेल : mopid.province1@gmail.com | वेवसाइट : mopid.koshi.gov.np